**सम्बत् २०७६ साल असार २९ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्ः**

१. १. गत केही दिनदेखि भइरहेको अविरल वर्षासँगै आएको बाढी, पहिरो र डुबानका कारण जनधनको क्षति; यातायात, सञ्चार र विद्युत सेवा अवरुद्ध हुनुका साथै जनजीवन प्रभावित भएको छ । उद्धार र राहत कार्यमा आवश्यक व्यवस्था मिलाउन र समन्वय गर्न व्यस्त रहँदा मन्त्रिपरिषद्को बैठक आज मात्र बसेको छ । मुलुकका विभिन्न स्थानमा हालसम्म ५१ जनाको मृत्यु, ३१ जना बेपत्ता, २८ जना घाइते, १० हजार ३ सय ८५ घरधुरी विस्थापित र ठूलो मात्रामा आर्थिक क्षति भएको विवरण प्राप्त भएको छ । उक्त दुःखद् घटनामा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धासुमन अर्पण गर्दै शोक प्रकट गर्ने, प्रभावित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

२. घटनालगत्तै उद्धार र हेरविचार गर्ने, राहत उपलब्ध गराउने, अस्पताल तथा स्वास्थ्य संस्थामा पुऱ्याउन सहयोग गर्ने, उपचार गर्ने, सुरक्षा दिने, समाचार सम्प्रेषण गर्नेसमेतका कार्यमा स्वस्फुर्त रूपमा तत्कालै परिचालित भई प्राकृतिक विपदमा तदारुकताका साथ मानवीय सेवा उपलब्ध गराउन अमूल्य सहयोग पुऱ्याउने सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरू; प्रशासनिक संयन्त्र र कर्मचारीहरू; सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाका चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मीहरू; रक्तदाताहरू; संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू; राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरू; निजी क्षेत्रका संघ संस्था तथा प्रतिनिधिहरू; सञ्चार माध्यमलगायत सम्पूर्ण निकाय, जनशक्ति तथा आम जनसमुदायबाट भएको योगदानका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिने ।

३. सम्बन्धित सबै निकाय तथा जनशक्ति परिचालित भई तत्कालका लागि अत्यावश्यक राहतका कार्यहरू तदारुकताका साथ गर्ने ।

४. घाइतेहरूको उपचारको सम्पूर्ण व्यवस्था सरकारले मिलाउने । घाइतेहरूको उपचारमा कुनै कमी कमजोरी हुन नदिने । घाइते भई अपाङ्ग तथा अशक्त हुनेहरू र मृतकका परिवारका सदस्यहरूलाई सरकारले यथोचित व्यवस्था गर्ने ।

५. प्रभावित क्षेत्रमा कुनै पनि रोगको प्रकोप फैलिन नदिन औषधि उपकरणसहित थप स्वास्थ्यकर्मीहरूको टोली तुरुन्त परिचालन गर्ने । विपद प्रभावित क्षेत्रमा यातायात, विद्युत, खानेपानी, सञ्चारलगायतका अत्यावश्यक सेवाहरू सुचारु बनाउन र थप क्षति हुन नदिन सम्बन्धित निकायहरूले पूर्ण सतर्कता अपनाउने र आवश्यक कदम चाल्ने।

६. यातायात आवागमनलाई सुचारु गर्न रक्षा, गृह र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयहरूले समन्वय गरी आवश्यक र सम्भव कदम चाल्ने ।

७. उद्धार र राहतलगायतका कार्यहरूमा आवश्यक सहयोग पुऱ्याउन जनप्रतिनिधिहरूलाई आग्रह गर्ने ।

८. यस दुःखद् परिस्थितिमा सबै सरकारी निकायहरू, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रभावितहरूको उद्धार, राहत, उपचार एवं खाद्यान्न र बसोबासको प्रबन्ध मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

९. गृह मन्त्रालयको समन्वयमा विपद्बाट भएको क्षतिको विवरण यथाशीघ्र तयार गर्ने, मूल्याङ्कन गर्ने, तथ्य र विवरणसहितको यथार्थ परिस्थिति स्पष्ट भइसकेपछि पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका आवश्यक विषयका विषयको थप आवश्यक निर्णय गर्ने ।

२. गृह मन्त्रालय— गैर कानूनी रुपमा नेपालमा बसिरहेका ५ जना श्रीलंकन नागरिकहरुको अधिकतम जरिवाना र भिसा शुल्क मिनाहा गरी निस्कासन गर्ने ।

३. परराष्ट्र मन्त्रालय— नेपाल र जर्मनीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने ।

४. परराष्ट्र मन्त्रालय— नेपाल स्काउटका राष्ट्रिय संयोजक लोकबहादुर भण्डारीलाई विशेष राहदानी जारी गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— साझा यातायात सहकारी संस्था लिमिटेडलाई नयाँ विद्युतीय बस खरिद गर्नको लागि तीन अर्व रकम अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत नेपाल सरकारको शेयर लगानीको रुपमा उपलव्ध गराउने ।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— प्रदेशमा हस्तान्तरण भएका सडक डिभिजनहरु पूर्ववत कार्य सञ्चालन गर्ने ।

७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— बुटिक विमानस्थल विकास सम्बन्धी कार्यविधि, २०७५ संशोधन गर्ने ।

८. सहरी विकास मन्त्रालय— नगरपालिकाका प्रमुख वा उपप्रमुखहरु मध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने स्थानीय निकायका निर्वाचित पदाधिकारीहरुलाई वढीमा दुई वर्षको लागि नगर विकास कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनयन गर्ने ।

१ प्रदेश १ दमक नगरपालिका उपमेयर श्री गिता अधिकारी
२ प्रदेश २ विरगंज महानगरपालिका मेयर श्री विजय सरावगी
३ प्रदेश ३ भरतपुर महानगरपालिका मेयर श्री रेनु दाहाल
४ गण्डकी प्रदेश पोखरा महानगरपालिका मेयर श्री मानवहादुर जि.सी.
५ प्रदेश ५ वुटवल उपमहानगरपालिका मेयर श्री शिव राज सुवेदी
६ कर्णाली प्रदेश विरेन्द्रनगर नगरपालिका उपमेयर श्री मोहन माया भण्डारी
७ सुदुरपश्चिम प्रदेश गौरी गंगा नगरपालिका मेयर श्री भिम देउवा

९. सहरी विकास मन्त्रालय— राष्ट्रिय आवास कम्पनी लिमिटेडको महाप्रवन्धक पदमा श्री नारायणप्रसाद वास्तोलाई नियुक्ति गर्ने ।

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका शर्त र सुविधा सम्बन्धी (अठारौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने - संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**सम्बत् २०७६ साल असार २४ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– नागरिक मोबाइल एप्स सञ्चालन निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– माननीय महान्यायाधिवक्ता र नायब महान्यायाधिबक्ताको वैदेशिक भ्रमण स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालय– विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा नीतिगत सुधारको क्रममा वजेट सहायताको रूपमा प्राप्त हुने दोस्रो कार्यक्रमगत ऋण सहायता स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय– रसुवास्थित माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको प्रवर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलेपमेन्ट कम्पनीलाई आयकर छुट दिने ।

६. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय– उच्च अदालत तुलसीपुरको वाणिज्य इजलास सम्बन्धी प्रादेशिक क्षेत्राधिकार उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास अन्तर्गतबाट झिकी उच्च अदालत तुलसीपुरको वाणिज्य सम्बन्धी मुद्दा हेर्ने उच्च अदालत तुलसीपुरमा वाणिज्य इजलास गठन गरी सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

७. परराष्ट्र मन्त्रालय– श्रीलङ्काका लागि नेपाली राजदूत प्रा.डा. विश्वम्भर प्याकुर्‍यालको राजीनामा स्वीकृत गर्ने ।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– ३०० वटा नयाँ विद्युतीय बस खरिदका लागि आवश्यक पर्ने बजेट अनुमान गरी सो रकम साझा यातायात सहकारी संस्था लिमिटेडमा शेयर र ऋण लगानी गर्ने।

९. रक्षा मन्त्रालय– उपरथी शशि चन्द्र बहादुर सिंहलाई Instructor तालिमको अवलोकन भ्रमणमा सहभागी हुन अमेरिका पठाउने।

१०. वन तथा वातावरण मन्त्रालय– बागलुङ नगर खानेपानी आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

११. वन तथा वातावरण मन्त्रालय– रेले खोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१२. वन तथा वातावरण मन्त्रालय– सप्तङ खोला जलविद्युत आयोजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

१३. वन तथा वातावरण मन्त्रालय– तिनेखु खोला साना जलविद्युत आयोजना निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१४. वन तथा वातावरण मन्त्रालय– केही ग्रामीण सडकहरूको स्तरोन्नतिका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१५. वन तथा वातावरण मन्त्रालय– रिद्धि सिद्धि सिमेण्ट प्रा.लि.लाई चूनढुङ्गा उत्खननका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— अमेरिकाको न्यूयोर्कमा हुने High-Level Political Forum मा माननीय मन्त्री गिरिराजमणि पोखरेललाई भाग लिन स्वीकृति दिने ।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल र चीनबीच हवाई सेवा सम्बन्धी वार्ता गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्त गराइदिने।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— स्वास्थ्य सूचनाहरूको स्थानीयदेखि संघीय तहसम्म नियमित प्रतिबेदन गर्ने व्यवस्था गर्ने।

२०. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको रिक्त सदस्य पदमा त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, पाटन बहुमुखी क्याम्पसका पूर्व प्राध्यापक श्री शंकरप्रसाद भण्डारीलाई नियुक्त गर्ने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— "होटेल, लज, रेस्टुराँ तथा रिजर्ट, वार तथा पथ प्रदर्शक (दोश्रो संशोधन) नियमावली, २०७६" स्वीकृत गर्ने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— Cooperative Development of Operational Safety and Continuing Airworthiness Programme South Asia (COSCAP-SA) को पाँचौ चरणको कार्यक्रममा सहभागिताका लागि Document समर्थनका लागि हस्ताक्षर गर्ने ।

२३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— लैंगिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने विषय प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट सिफारिस भएअनुसार फिर्ता पठाउने ।

२४. वन तथा वातावरण मन्त्रालय— "राष्ट्रिय वातावरण नीति, २०७६" स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

OPMCM

**सम्बत् २०७६ साल असार २३ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—प्रहरी वरिष्ठ उपरीक्षक श्री कमल प्रसाद अधिकारीलाई राष्ट्रिय सर्तकता केन्द्रको प्रहरी कर्मचारी तर्फ प्रहरी नायब महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने ।

२. अर्थ मन्त्रालय—निक्षेप तथा कर्जा सुरक्षण कोषको चुक्ता पूँजी बृद्धि गर्न स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय—जापान सरकारबाट Project for Human Resource Development Scholarship दोस्रो चरण अन्तर्गत प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय—विद्यालय क्षेत्र विकास कार्यक्रममा जापान सरकारले प्रदान गर्ने अनुदान सहायता स्वीकार गर्ने ।

५. परराष्ट्र मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा श्री कुमारराज खरेललाई बढुवा नियुक्ति दिई पदस्थापन गर्ने।

६. परराष्ट्र मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा श्री हरिश्चन्द्र घिमिरेसमेतलाई बढुवा नियुक्ति दिई पदस्थापन गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

OPMCM

**सम्बत् २०७६ साल असार १९ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५क. को व्यवस्था गर्न अधिकार प्रत्यायोजन गर्ने ।

२. अर्थ मन्त्रालय— USA को Georgia State University मा संचालन हुने Experiential Learning Visit को कार्यक्रममा महालेखा नियन्त्रक श्री सूर्य प्रसाद गौतमलाई सहभागी हुन स्वीकृति दिने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— उपभोक्ता संरक्षण नियमावली, २०७६ लाई स्वीकृत प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— मिति २०७६।३।२ को नेपाल राजपत्रमा प्रकाशित निकासी पैठारी सम्बन्धी सूचित आदेशमा संशोधन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— Global Manufacturing and Industrialization Summit मा भाग लिने प्रतिनिधिमण्डलमा मस्कोस्थित नेपाली राजदूतावासको प्रतिनिधिलाई समेत समावेश गर्ने ।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय— बीउ विजनको किसिम, जातहरूको सूची नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

७. गृह मन्त्रालय— ईलाका प्रहरी कार्यालय रत्ननगर टाँडीको हिरासत कक्षमा मृत्यु भएका समिर घिसिङको परिवारलाई पाँच लाख रुपंयाँ राहत उपलब्ध गराउने ।

८. गृह मन्त्रालय— अज्ञात व्यक्तिको सांघातिक आक्रमणमा घाइते हुन पुगेका बालक लोकेश महरालाई उपचार खर्च उपलब्ध गराउने ।

९. गृह मन्त्रालय— जनआन्दोलन, सशस्त्र द्वन्द्व र मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गरेका सुरक्षा निकायका पदाधिकारीहरूलाई नामावली संशोधन गरी पुनः प्रकाशित गर्ने ।

१०. गृह मन्त्रालय— प्रहरी (सातौं संशोधन) नियमावली, २०७६ स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

११. गृह मन्त्रालय— सर्लाही घटनामा मृत्यु भएका सरोज नारायण सिंहको परिवारलाई राहतस्वरुप रु १० (दश) लाख उपलब्ध गराउने।

१२. गृह मन्त्रालय— महानगरीय प्रहरी वृत्त, लैनचौर र प्रहरी चौकी सिताराम चोक, चितवनलाई जग्गा खरिद गर्न स्वीकृति दिने ।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय— Learning on Brazilian cooperative system and good practices on fruit and vegetable Cooperatives market development कार्यक्रममा सहभागी हुने विषयको प्रस्ताव फिर्ता गर्ने ।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय— मा. मन्त्री पद्माकुमारी अर्यालको इजरायल भ्रमण स्वीकृत गर्ने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— जग्गा भोगाधिकार रद्द गर्ने ।

१६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— साविक महिला तथा बालबालिका कार्यालयहरूका नाममा रहेका भवन र जग्गा हस्तान्तरण विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१७. युवा तथा खेलकुद मन्त्रालय— पुरस्कारका लागि नाम संशोधन गर्ने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१९. वन तथा वातावरण मन्त्रालय— मध्य तमोर जलविद्युतका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— चौथो भेरिएसन आदेश स्वीकृति गर्ने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— ऐतिहासिक बागदरवारको संरक्षण गर्न सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि विशेषज्ञहरू सम्मिलितको समिति गठन गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा नेपाल इन्जिनियरिङ सेवा, मेट्रोलोजी समूह, रा.प.प्रथम श्रेणी (प्रा.) पद-१ थप गर्ने ।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्तिको सिफारिस गर्न गठित सिफारिस समितिको कार्यावधि थप गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

OPMCM

**सम्बत् २०७६ साल असार १२ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्ः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— व्यवसाय सञ्चालनको सहज वातावरण निर्माणका लागि संस्थागत संरचना स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सहन्यायाधिवक्ता श्री ध्रुवकुमार भट्टराईको राजीनामा स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. ३ का माननीय मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा सात सदस्यीय प्रतिनिधिमण्डललाई चीन भ्रमणमा जान स्वीकृति दिने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. ५ का माननीय मुख्यमन्त्री शंकर पोखरेलको मित्रराष्ट्र चीनको भ्रमण कार्यक्रममा भ्रमणमा सहभागी हुने पदाधिकारीहरूको भ्रमण स्वीकृति गर्ने ।

५. अर्थ मन्त्रालय— उप महालेखापरीक्षक श्री रामु प्रसाद डोटेललाई एसोसाईको गभर्निङ बोर्डको ५४ औं बैठकमा सहभागी हुन स्वीकृति दिने ।

६. अर्थ मन्त्रालय— उप महालेखापरीक्षक श्री बाबुराम गौतमलाई (INTOSAI WGEA) को १९ औं सभा बैठकमा सहभागी हुन स्वीकृति दिने ।

७. अर्थ मन्त्रालय— बागमती नदी तटीय क्षेत्र सुधार आयोजना-दोस्रो चरण (Bagmati River Basin Improvement Project Additional Financing-II) को लागि एशियाली विकास बैंकबाट ऋण तथा प्राविधिक अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने ।

८. अर्थ मन्त्रालय— नेपालमा नवीकरणीय उर्जा कार्यक्रम, मातृ शिशु स्वास्थ्य सेवा र दिगो आर्थिक विकास कार्यक्रम सम्बन्धी क्षेत्रमा उपयोग गर्नका लागि जर्मन सरकारबाट प्राप्त हुने वित्तीय अनुदान सहायता स्वीकार गर्ने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल औषधी लिमिटेडमा ऋण लगानी गर्न रकम निकासा गर्ने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय— सचिव दिनेशकुमार घिमिरेलाई सिंगापुरमा हुने Ninth South Asia Power Secretaries Roundtable बैठकमा भाग लिन पठाउने विषयको प्रस्ताव फिर्ता गर्ने ।

११. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— न्यूयोर्कमा सञ्चालन हुने Inter-Governmental Conference मा सहभागी हुन सचिव श्री राजीव गौतमलाई स्वीकृति दिने ।

१२. गृह मन्त्रालय— ललिता निवास क्याम्पभित्रको सरकारी तथा सार्वजनिक जग्गा छानबीन विषयको CIB लाई तोकिएको म्याद थप गर्ने ।

१३. परराष्ट्र मन्त्रालय— चीनको डालियनमा हुने १३th World Economic Forum Annual Meeting of the New Champions कार्यक्रममा सहभागी हुन माननीय परराष्ट्र मन्त्रीज्यूले नेतृत्वमा प्रतिनिधिमण्डलको गठन गर्ने।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को अनुसूचीमा इन्जिनियरिङ्ग बिषयहरू थप गर्ने ।

१५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बालअधिकार परिषद् र स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने ।

१६. रक्षा मन्त्रालय— प्राविधिक महासेनानी सूर्यराज शर्मालाई प्राविधिक सहायक रथी दर्जामा पदोन्नति गर्ने।

१७. रक्षा मन्त्रालय—महासेनानी मधुकर सिंह कार्कीसमेत ३ जना महासेनानीहरूलाई सहायक रथी दर्जामा पदोन्नति गर्ने ।

१८. रक्षा मन्त्रालय—प्राविधिक सहायक रथी कमाल सिंह प्रधान, प्राविधिक महासेनानी शरदलाल श्रेष्ठ र प्राविधिक प्रमुख सेनानी किरण श्रेष्ठलाई पदोन्नति गर्ने ।

१९. रक्षा मन्त्रालय—प्राविधिक महासेनानी डा. मुकुन्द सिंह श्रेष्ठ र प्राविधिक प्रमुख सेनानी डा. सुनिता पन्तलाई पदोन्नति गर्ने ।

२०. वन तथा वातावरण मन्त्रालय— माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

२१. वन तथा वातावरण मन्त्रालय— तल्लो खारे खोला १३२ के.भी. विद्युत प्रसारणलाइन निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

२२. वन तथा वातावरण मन्त्रालय— राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२३. वन तथा वातावरण मन्त्रालय— माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर वस्नेतबाट युनाइटेड अरब इमिरेट्सको अबुधाबीमा हुने The Global Preparatory Meeting for the Climate Action Summit कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७६ को मस्यौदा विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— शिक्षक सेवा आयोग (दशौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— प्रारम्भिक बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरूलाई पोशाक भत्ता प्रदान गर्ने ।

२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल नागरिक उड्डयन प्राधिकरणको रिक्त महानिर्देशक पदमा उपमहानिर्देशकको पदमा कार्यरत श्री राजन पोखेललाई नियुक्ति गर्ने ।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— मेडिको लिगल सेवा सञ्चालन निर्देशिका, २०७५ नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- "पारमाणविक पदार्थको नियमन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७६" स्वीकृत गर्ने ।

३०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- गरिबी निवारण नीति, २०७६ स्वीकृत गर्ने।

३१. गृह मन्त्रालय- "सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधन) कार्यविधि, २०७६" तथा "माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू,

सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनस्थापन एवं हेरचाह (प्रथम संशोधन) निर्देशिका, २०७६" स्वीकृत गर्ने ।

३२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- "क्यासिनो (चौथो संशोधन) नियमावली, २०७६" स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

OPMCM

**सम्बत् २०७६ साल असार ८ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्ः**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७५ नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— औद्योगिक ग्राम घोषणा गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

३. परराष्ट्र मन्त्रालय— विदेशस्थित नेपाली नियोगहरूमा सार्वजनिक लेखा समितिको स्थलगत अनुगमन भ्रमण स्वीकृत गर्ने ।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— थप कार्यक्रम सञ्चालन गर्न अस्थायी स्वीकृति दिने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नयाँ कार्यक्रम सञ्चालन गर्न अस्थायी स्वीकृति दिने ।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— अस्थायी मान्यता स्वीकृति गर्ने।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— हेभी इक्युपमेण्ट डिभिजन, नयाँ बानेश्वरको नामको १-४-०-० जग्गा नेपाल इन्जिनियरिङ्ग परिषद्ले प्रयोग गर्ने र नेपाल इन्जिनियरिङ्ग परिषद्को नाममा रेल विभागको कम्पाउण्डमा रहेको ११ आना जग्गा रेल विभागलाई नै फिर्ता गर्ने ।

८. वन तथा वातावरण मन्त्रालय— २०१८ जुन ५ देखि 'एक नागरिक एक फलफुल विरूवा रोपण अभियान' शुभारम्भ भएकोले सो अभियानलाई सफल बनाई मुलुकलाई फलफुलमा आत्मनिर्भर एवं निर्यातयोग्य मुलुक बनाउनका लागि प्रत्येक वर्ष असार १४ गते फलफुल लगायतका विरूवा रोपण गरी देशव्यापी रूपमा राष्ट्रिय वृक्षारोपण दिवस मनाउने । लुम्बिनी क्षेत्रलगायतका पवित्र धार्मिकस्थल, सडक किनारा, नदी उकासका क्षेत्र, हैसियत विग्रिएका वनक्षेत्रमा समेत फलफुल तथा औषधीजन्य (हर्बल) विरूवा रोपण गर्ने ।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— International Indian Film Academy Awards (IIFA, Award), २०१९ नेपालमा आयोजना गर्ने ।

१०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— अजरवैजानको बाकुमा आयोजना हुने ४३rd Session of World Heritage Committee कार्यक्रममा फ्रान्सका लागि नेपाली राजदूत एवम् युनेस्कोका लागि आवासीय प्रतिनिधिलाई सहभागी हुन स्वीकृति दिने ।

११. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - "नेपालमा विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६" स्वीकृत गर्ने ।

१२. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - Intergovernmental Agreement on Dry Ports अनुमोदनका लागि संघीय संसदमा पेश गर्ने ।

१३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- "राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६" स्वीकृत गर्ने।

१४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय- "राष्ट्रिय कृषि वन नीति, २०७६" स्वीकृत गर्ने।

१५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय- "राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६" स्वीकृत गर्ने ।

१६. वन तथा वातावरण मन्त्रालय- क्योटो अभिसन्धिको दोहा संशोधन (Doha Amendment to Kyoto Protocol) मा स्वीकृति जनाउने ।

१७. गृह मन्त्रालय- अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको PALERMO PROTOCOL मा सम्मिलित हुने ।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- पशुपति क्षेत्र विकास कोष, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी (सातौं संशोधन) नियमावली, २०७६ मा धेरै नियमहरूमा संशोधन गर्नुपर्ने देखिएकोले नयाँ नियमावली तर्जुमा गरी पेश गर्न प्रस्ताव फिर्ता पठाउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

OPMCM

**सम्बत् २०७६ साल असार ५ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन्ः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. १ का माननीय मुख्यमन्त्री शेरधन राईलाई अमेरिका भ्रमणमा जान स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. ५ का माननीय मुख्यमन्त्री शंकर पोखरेललाई चीन भ्रमणमा जान स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय— महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र उप महालेखापरीक्षक श्री राममायाँ कुँवरलाई संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा सम्पन्न हुने परिवर्तनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरु र दिगो विकास लक्ष्य कार्यान्वयन सम्वन्धी लेखापरीक्षण विषयक बैठकमा सहभागी हुन स्वीकृति दिने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ लाई स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— औद्योगिक ग्राम घोषणा विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— ल्हासामा हुने Nepal -China's Tibet Trade Facilitation Committee (NTTFC) को नवौ बैठकका लागि उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री नवराज ढकालको संयोजकत्वमा वार्ता टोली गठन गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय— नेपाल-बंगलादेश संयुक्त सञ्चालक समिति तथा संयुक्त कार्य समूहको दोश्रो बैठकमा भाग लिन नेपाली प्रतिनिधिमण्डललाई बंगलादेशको कोक्सस् बजार पठाउने ।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय— Fourth Meeting of the SAARC Agriculture Ministers and its Preceding Meeting/ Senior Agriculture Officials' Meeting मा सचिव सहभागी हुने।

९. गृह मन्त्रालय— संस्था दर्ता (नवौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१०. गृह मन्त्रालय— भिसा शुल्क र जरिवाना मिनाहा दिने ।

११. गृह मन्त्रालय— गोताखोर तालीम प्राप्त जनशक्ति व्यवस्थापन अवधारणा पत्र-२०७६ लाई स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१२. गृह मन्त्रालय— जीवन कुमार सिंहको नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने ।

१३. गृह मन्त्रालय— धर्मेन्द्र ठाकुर र अजय कुमार ठाकुरको नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने।

१४. गृह मन्त्रालय— जमुना राउत कुर्मी र कृपाली राउतको नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने ।

१५. परराष्ट्र मन्त्रालय— सम्माननीय राष्ट्रपतिको न्यूर्योक तथा चीन भ्रमणको सिलसिला भएको अतिरिक्त खर्च निकासा दिने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— चीनमा हुने Fourth Meeting Between the National Railway Administration and Ministry of Physical Infrastructure & Transport on Enhancing Cooperation in Railway Sector विषयक कार्यक्रममा सचिव श्री देवेन्द्र कार्कीको नेतृत्वमा ७ (सात) सदस्यी प्रतिनिधिमण्डललाई भाग लिन जान स्वीकृति दिने ।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ खारेज गरी संघीय सवारी तथा यातायात व्यवस्था सम्बन्धी विधेयक,२०७६ को तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत गर्ने ।

१८. युवा तथा खेलकुद मन्त्रालय— १३ औं दक्षिण एशियाली खेलकुद सन् २०१९, आयोजना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१९. रक्षा मन्त्रालय— प्रमुख सेनानी प्रज्वल रायमाझीसमेत ५ जना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा पदोन्नति गर्ने ।

२०. रक्षा मन्त्रालय— रथी गौरव तण्डुललाई Colombo Defense Seminar मा सहभागी हुन पठाउने ।

२१. वन तथा वातावरण मन्त्रालय— पाल्पा बसपार्क निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— मकवानपुर जिल्ला थाहा नगरपालिका स्थित श्री स्वच्छन्द भैरव माध्यमिक विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक मकवानपुर जिल्ला चित्लाङ्ग गा.वि.स. वडा नं. २ को क्षेत्रफल १७९–१२–२–० रोपनी जग्गा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका नाममा भोगाधिकार प्रदान गर्ने ।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— राष्ट्रिय शिक्षा नीति, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— झिमरुक गाउँपालिका, प्यूठानको केन्द्र र रुरु गाउँपालिका, गुल्मीको नाम र केन्द्र परिवर्तन गर्ने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल वन सेवाका राजपत्राङ्कित प्रथम श्रेणी प्राविधिक कर्मचारीहरूको पदस्थापना गर्ने ।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— फाजिलमा रहेका नेपाल विविध सेवा रा.प. तृतीय श्रेणीका अधिकृतहरूको समायोजन गर्ने ।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— गैर करका दरहरू पुनरावलोकन विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

२८. मिति २०७५/१२/२५ को निर्णयअनुसार संघीय संसदमा पेश गरिएको गुठीसम्बन्धी कानूनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक, २०७५ माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीले फिर्ता लिने ।

२९. सार्वजनिक खरिद नियमावली, २०६४ (सातौं संशोधन) को नियम ६५क. को प्रयोजनका लागि नेपाल सरकारबाट सम्पादन हुने काम प्रचलित कानुनको अधिनमा रही नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २१.क. को उपनियम (३) बमोजिम सम्बन्धित मन्त्रालयबाट सम्पादन गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**